# पर्वतारोहण रोयल्टी बाँडफाँड तथा परिचालन निर्देशिका, २०७०

(नेपाल सरकारबाट स्वीकृत मिति २०७०/१०/२६)

**प्रस्तावना** : स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को अनुसूची २६ (६) बमोजिम पर्वतारोहण वापत नेपाल सरकारलाई प्राप्त हुने रोयल्टी (सलामी) रकमको राजस्व बाँडफाँडमा जिल्ला विकास समितिहरुले पाउने रकमको उपयोग तथा परिचालन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले देहायको निर्देशिका बनाएको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "पर्वतारोहण रोयल्टी बाँडफाँड तथा परिचालन निर्देशिका, २०७० रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ संझनु पर्छ ।

(ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली २०५६ संझनु पर्छ ।

(ग) "निर्देशिका" भन्नाले "पर्यटन रोयल्टी बाँडफाँड तथा परिचालन निर्देशिका, २०७० सम्झनु पर्छ ।

(घ) "आर्थिक प्रशासन नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ संझनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय संझनु पर्छ ।

(च) "समिति" भन्नाले दफा ६ बमोजिमको पर्यटन राजस्व बाँडफाँड समिति सम्झनु पर्छ ।

३. **पर्वतारोहण रोयल्टी (सलामी) रकमको बाँडफाँड** : (१) पर्वतारोहण वापतको नेपाल सरकारलाई प्राप्त हुने रोयल्टी (सलामी) रकमको बाँडफाँड स्थानीय स्वायत्त शासन ऐन, २०५५ र स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को अधीनमा रही समितिले निर्धारण गरेको मापदण्डको आधारमा हुनेछ ।

(२) मन्त्रालयले उपदफा (१) बमोजिम प्राप्त रोयल्टी रकमको ३०% रकम बार्षिक विनियोजन शीर्षकमा प्राप्त भए पछि समितिले निर्धारण गरेको मापदण्डको आधारमा रोयल्टी बाँडफाँड गरी सम्बन्धित जिल्ला विकास समितिहरुमा अख्तियारीसाथ सशर्त अनुदानको रुपमा पठाउने छ ।

४. **<u>पर्वतारोहण रोयल्टी रकमको उपयोग</u>** : जिल्ला विकास समितिले पर्वतारोहण रोयल्टी रकम देहायका क्षेत्रमा उपयोग गर्नु पर्नेछ ।

(क) पर्यटकीय सडक, गोरेटो, घोडेटो, पर्यटन पदमार्ग (Trekking Trail), वेस क्याम्पसम्मको पहुँच मार्ग, पदमार्गमा पर्ने पुल, पुलेसा, फड्के, विश्राम स्थल, कामदार विश्राम स्थल (Porters Shelter) जल विहार (Rafting) आदिको सर्वेक्षण, डिजायन, निर्माण तथा मर्मत सुधार,

(ख) आरोहण रुट –Caravan Route) निर्माण, मर्मत संभार,

(ग) क्याम्पिङ्ग साइट, वेस क्याप मर्मत तथा सम्भार र अन्य पर्यटकीय दृष्टिले महत्वपूर्ण ठानिएको पूर्वाधार निर्माण,

(घ) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य र फोहर संकलन बाकस (Garbage Bin) निर्माण,

(ङ) जिल्लाको पर्यटकीय उपज (Product) र गन्तव्यस्थलको विकास हुने किसिमका आयोजना,

(च) पर्यटन सूचना केन्द्रको स्थापना, पर्यटनसम्बन्धी सूचनामूलक व्रोसियर, नक्सा, सूचनामूलक होर्डिङ्ग बोर्ड, पदयात्रा मार्गमा सूचनामूलक जानकारी तथा संकेत चिन्ह राख्ने, सूचनामूलक सामाग्रीको निर्माण,

(छ) घरबास (Home Stay) कार्यक्रम सञ्चालनमा स्थानीय समुदायसंग साझेदारीमा आधारभूत पूर्वाधारहरुको विकास, पर्यटन सम्बन्धी सेवा दिने सामुदायिक भवन निर्माण,

(ज) पर्यटन मार्ग र वेसक्याम्पमा शौचालय, धारा, शितल घर, भारी विसाउने ठाँउ आदिको निर्माण,

(झ) संभाव्य पर्यटकीय क्षेत्रको विकास पहुँच तथा संरक्षण सम्बन्धी कार्य,

(ञ) भौतिक एवं अभौतिक सांस्कृतिक सम्पदाको (Tangible & Intangible Cultural Heritage) संरक्षण सम्बन्धी कार्य, संग्रहालय निर्माण,

(ट) मनोरञ्जन पार्क निर्माण,

(ठ) पर्या-पर्यटन, साहसिक पर्यटन, कृषि पर्यटन र खेलकुद पर्यटन लगायतका पर्यटकीय विकास तथा प्रवर्द्धन कार्य,

(ड) दुर्गम क्षेत्रमा विमानस्थलको निर्माण तथा सुधार,

(ढ) पर्यटन सेवा सम्बन्धी तालिम तथा सीप विकास र चेतनामूलक कार्यक्रम,

(ण) पर्यटन पदमार्ग र पर्यटकीय गन्तव्यमा रहेका स्वास्थ्य संस्थाहरुलाई पर्यटकीय सेवा प्रवाहका निमित्त सहयोग, सुधार तथा स्तरोन्नती,

(त) पर्यटक प्रहरीको लागि प्रहरी बीट (पूर्वाधार) निर्माण ।

५. **पर्वतारोहण रोयल्टी रकम अन्य काममा उपयोग गर्न नसकिने** : पर्वतारोहण वापत प्राप्त हुने रोयल्टी रकम दफा ४ मा लेखिए वाहेकको अन्य क्षेत्रमा उपयोग गर्न सकिने छैन ।

६. **पर्यटन राजस्व बाँडफाँड समितिको गठन** : (१) पर्वतारोहण वापत प्राप्त हुने रोयल्टी राजस्वको बाँडफाँड, उपयोग र परिचालन गर्ने काम समेतको लागि एक पर्यटन राजस्व बांडफांड समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :-

| | |
|---|---|
| (क) सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | संयोजक |
| (ख) सहसचिव, अर्थमन्त्रालय | सदस्य |
| (ग) सहसचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | सदस्य |
| (घ) सहसचिव, (पर्यटन हेर्ने), राष्ट्रिय योजना आयोगको सचिवालय | सदस्य |
| (घ) सहसचिव, योजना महाशाखा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| (ङ) सहसचिव, पर्यटन उद्योग महाशाखा, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| (च) प्रतिनिधि, जिल्ला विकास समिति महासंघ | सदस्य |
| (छ) अध्यक्ष, नेपाल पर्वतारोहण संघ | सदस्य |
| (ज) अध्यक्ष ट्रेकिङ् एजेन्सिज एशोसिएसन अफ नेपाल | सदस्य |
| (झ) लेखा प्रमुख, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य सचिव |

(३) समितिको कार्यविधि सो समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

(४) समितिको सचिवालय मन्त्रालयमा रहनेछ ।

७. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) एक भन्दा बढी जिल्लामा पर्ने हिमालको हकमा जिल्लागत भार निर्धारण गरी राजश्व (रोयल्टी) बाँडफाँड गर्ने,

(ख) दफा १० (२) बमोजिम बाँडफाँड स्थगन तथा अन्य कारवाहीका लागि सिफारिश गर्ने,

(ग) पर्वतारोहण राजस्व बाँडफाँडको सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने ।

८. **पर्यटन विकास योजना** : (१) पर्वतारोहण वापत नेपाल सरकारलाई प्राप्त हुने रोयल्टी (सलामी) रकमको बार्षिक ५० लाख भन्दा बढी प्राप्त गर्ने जिल्ला विकास समितिले पर्यटन विकास गुरु योजना तर्जुमा गरी कार्यान्वयन गर्नु पर्नेछ ।

(२) पर्यटन विकास गुरु योजना यो निर्देशिका लागू भएको मितिले १ वर्ष भित्र तयार गरी जिल्ला परिषद्बाट स्वीकृत गराउनु पर्नेछ । स्वीकृत पर्यटन विकास गुरु योजनाको एक प्रति मन्त्रालयमा पठाउनु पर्नेछ ।

(३) पर्वतारोहण रोयल्टी रकमबाट संचालन हुने बार्षिक कार्यक्रम दफा ४ बमोजिमका क्षेत्रहरुमा विनियोजन हुने गरी उपदफा (१) बमोजिम पर्यटन विकास गुरु योजना तर्जुमा भए सोही बमोजिम र सो बमोजिम गुरुयोजना अनिवार्य नहुने जिल्लाको हकमा आवधिक जिल्ला विकास योजनाका आधारमा कार्यक्रम बजेट तर्जुमा गरी जिल्ला परिषदबाट स्वीकृत गरी खर्च गर्नु पर्नेछ ।

९. **लेखा र लेखा परीक्षण** : (१) जिल्ला विकास समितिले पर्वतारोहण वापत नेपाल सरकारलाई प्राप्त हुने रोयल्टी रकम जिल्ला विकास कोषमा आम्दानी बांधी स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त रकमको लेखा र लेखापरीक्षण स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम हुनेछ ।

१०. **प्रतिवेदन पेश गर्ने** : (१) जिल्ला विकास समितिले रोयल्टी रकम विनियोजन तर्फका कार्यक्रमहरुको चौमासिक र बार्षिक प्रगति प्रतिवेदन अवधि समाप्त भएको १५ दिन भित्र मन्त्रालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयमा प्रतिवेदन नपठाउने वा दफा ४ बमोजिमका कार्यक्रममा निर्देशिका बमोजिम खर्च नभएमा मन्त्रालयले पर्वतारोहण रोयल्टी बाँडफाँडको रकम स्थगन गर्न सक्नेछ ।

११. **निर्देशन दिन सक्ने :** (१) रोयल्टी रकमको उपयोगका सम्बन्धमा मन्त्रालयले जिल्ला विकास समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु जिल्ला विकास समितिको कर्तव्य हुनेछ ।

१२. **यसै निर्देशिका बमोजिम हुने :** यस निर्देशिकामा लेखिएजति कुरामा यसै निर्देशिका बमोजिम र अरुमा प्रचलित कानून बमोजिम हुनेछ ।